संघीय संसद

प्रतिनिधि सभा

**नवौं अधिवेशन**

# बैठकको कारवाहीको संक्षिप्त विवरण
# २०७८

प्रारम्भ मिति :-
**२०७८ साल भदौ २३ गते बुधबार**

अन्त्य मिति :-
**२०७८ साल कार्तिक १२ गते शुक्रबार**

संघीय संसद सचिवालय
कार्यव्यवस्था शाखा
संसद भवन, सिंहदरबार
काठमाडौं

संघीय संसद

# प्रतिनिधि सभा

सदस्यहरूको वर्णानुक्रमानुसारको नामावली

| क्र.सं. | सदस्य क्र.सं. | नाम, थर | जिल्ला | क्षेत्र नं. |
|---|---|---|---|---|
| १. | ००१/प्र.स. | मा० श्री अग्नि प्रसाद सापकोटा | सिन्धुपाल्चोक | १ |
| २. | ००२/प्र.स. | मा० श्री अञ्जना विशंखे | काठमाडौं | - |
| ३. | ००३/प्र.स. | मा० श्री अतहर कमाल मुसलमान | कपिलवस्तु | - |
| ४. | ००४/प्र.स. | मा० श्री अनिल कुमार झा | रौतहट | १ |
| ५. | ००५/प्र.स. | मा० श्री अभिषेक प्रताप शाह | कपिलवस्तु | ३ |
| ६. | ००६/प्र.स. | मा० श्री अमन लाल मोदी | मोरङ्ग | ४ |
| ७. | ००७/प्र.स. | मा० डा० अमरेश कुमार सिंह | सर्लाही | ४ |
| ८. | ००८/प्र.स. | मा० श्री अमृता देवी अग्रहरी | कपिलवस्तु | - |
| ९. | ००९/प्र.स. | मा० श्री अमृता थापा | स्याङ्जा | - |
| १०. | ०१०/प्र.स. | मा० श्री आशा कुमारी वि.क. | बझाङ्ग | - |
| ११. | ०११/प्र.स. | मा० श्री इश्वर पोखरेल | काठमाडौं | ५ |
| १२. | ०१२/प्र.स. | मा० श्री ईन्दु कुमारी शर्मा | महोत्तरी | - |
| १३. | ०१३/प्र.स. | मा० श्री उपेन्द्र यादव | सप्तरी | २ |
| १४. | ०१४/प्र.स. | मा० श्री उमाकान्त चौधरी | बारा | १ |
| १५. | ०१५/प्र.स. | मा० श्री उमा रेग्मी | चितवन | - |
| १६. | ०१६/प्र.स. | मा० श्री उमाशंकर अरगरिया | धनुषा | २ |
| १७. | ०१७/प्र.स. | मा० श्री उमेश श्रेष्ठ | ललितपुर | - |
| १८. | ०१८/प्र.स. | मा० श्री एकवाल मियाँ | बारा | ४ |
| १९. | ०१९/प्र.स. | मा० श्री ओनसरी घर्ति | रोल्पा | - |
| २०. | ०२०/प्र.स. | मा० श्री कमला रोका | रुकुम (पूर्वी भाग) | १ |
| २१. | ०२१/प्र.स. | मा० श्री कर्मा घले | मनाङ्ग | - |
| २२. | ०२२/प्र.स. | मा० श्री कलु देवी विश्वकर्मा | कैलाली | - |
| २३. | ०२३/प्र.स. | मा० श्री कल्याणी कुमारी खड्का | रौतहट | - |
| २४. | ०२४/प्र.स. | मा० श्री कलिला खातुन | तनहुँ | - |
| २५. | ०२५/प्र.स. | मा० श्री किशोर सिंह राठौर | बर्दिया | - |
| २६. | ०२६/प्र.स. | मा० श्री कु. तुल्सि थापा | बर्दिया | - |
| २७. | ०२७/प्र.स. | मा० श्री कुमारी मेचे | झापा | - |
| २८. | ०२८/प्र.स. | मा० श्री कृष्ण कुमार श्रेष्ठ | तनहुँ | १ |
| २९. | ०२९/प्र.स. | मा० श्री कृष्ण गोपाल श्रेष्ठ | काठमाडौं | ९ |
| ३०. | ०३०/प्र.स. | मा० श्री कृष्ण प्रसाद दाहाल | मकवानपुर | १ |
| ३१. | ०३१/प्र.स. | मा० श्री कृष्ण बहादुर महरा | दाङ | २ |

| क्र.सं. | सदस्य क्र.सं. | नाम, थर | जिल्ला | क्षेत्र नं. |
|---|---|---|---|---|
| ३२. | ०३२/प्र.स. | मा० श्री कृष्ण बहादुर राई | काठमाडौं | ३ |
| ३३. | ०३३/प्र.स. | मा० श्री कृष्ण भक्त पोखेल | चितवन | २ |
| ३४. | ०३४/प्र.स. | मा० श्री कृष्ण लाल महर्जन | ललितपुर | २ |
| ३५. | ०३५/प्र.स. | मा० श्री केदार सिग्देल | तनहुँ | २ |
| ३६. | ०३६/प्र.स. | मा० श्री के.पी शर्मा ओली | झापा | ५ |
| ३७. | ०३७/प्र.स. | मा० श्री खगराज अधिकारी | कास्की | १ |
| ३८. | ०३८/प्र.स. | मा० श्री खेम प्रसाद लोहनी | धादिङ्ग | २ |
| ३९. | ०३९/प्र.स. | मा० श्री गगन कुमार थापा | काठमाडौं | ४ |
| ४०. | ०४०/प्र.स. | मा० श्री गजेन्द्र बहादुर महत | जुम्ला | १ |
| ४१. | ०४१/प्र.स. | मा० श्री गणेश कुमार पहाडी | सिन्धुली | १ |
| ४२. | ०४२/प्र.स. | मा० श्री गणेश सिंह ठगुन्ना | दार्चुला | १ |
| ४३. | ०४३/प्र.स. | मा० श्री गिरिराज मणी पोखरेल | महोत्तरी | १ |
| ४४. | ०४४/प्र.स. | मा० श्री गोकर्ण राज विष्ट | गुल्मी | २ |
| ४५. | ०४५/प्र.स. | मा० श्री गोकुल प्रसाद बाँस्कोटा | काभ्रेपलाञ्चोक | २ |
| ४६. | ०४६/प्र.स. | मा० श्री गोपाल बहादुर बम | मुगु | १ |
| ४७. | ०४७/प्र.स. | मा० श्री गोमा देवकोटा | सिन्धुली | - |
| ४८. | ०४९/प्र.स. | मा० श्री गंगा चौधरी (सत्गौवा) | दाङ | - |
| ४९. | ०५०/प्र.स. | मा० श्री गंगा बहादुर तामाङ | काभ्रेपलाञ्चोक | १ |
| ५०. | ०५१/प्र.स. | मा० श्री घनश्याम खतिवडा | मोरङ्ग | १ |
| ५१. | ०५२/प्र.स. | मा० श्री घनश्याम भुसाल | रुपन्देही | ३ |
| ५२. | ०५३/प्र.स. | मा० श्री चक्रपाणी खनाल | कपिलवस्तु | १ |
| ५३. | ०५४/प्र.स. | मा० श्री चन्दा चौधरी | सर्लाही | - |
| ५४. | ०५५/प्र.स. | मा० श्री चन्द्रकान्त चौधरी | सप्तरी | ३ |
| ५५. | ०५६/प्र.स. | मा० श्री चाँद तारा कुमारी | पर्सा | - |
| ५६. | ०५७/प्र.स. | मा० श्री चित्रलेखा यादव | सिराहा | - |
| ५७. | ०५८/प्र.स. | मा० श्री चुडामणी खड्का | गोरखा | - |
| ५८. | ०५९/प्र.स. | मा० श्री छक्क बहादुर लामा | हुम्ला | १ |
| ५९. | ०६०/प्र.स. | मा० श्री छविलाल विश्वकर्मा | रुपन्देही | १ |
| ६०. | ०६१/प्र.स. | मा० श्री जगत बहादुर सुनार (विश्वकर्मा) | कास्की | ३ |
| ६१. | ०६२/प्र.स. | मा० श्री जनार्दन शर्मा | रुकुम (पश्चिम भाग) | १ |
| ६२. | ०६३/प्र.स. | मा० श्री जय कुमार राई | सुनसरी | १ |
| ६३. | ०६४/प्र.स. | मा० श्री जयपुरी घर्ती | रोल्पा | - |
| ६४. | २८०/प्र.स. | मा० श्री जानकी देवी राम[१] | सिराहा | - |

[१] निर्वाचन आयोगको मिति २०७७/१२/१९ गतेको पत्र मार्फत् सानु सिवाको रिक्त स्थानमा समानुपातिक तर्फबाट निर्वाचित भएको जानकारी प्राप्त।

| क्र.सं. | सदस्य क्र.सं. | नाम, थर | जिल्ला | क्षेत्र नं. |
|---|---|---|---|---|
| ६५. | ०६५/प्र.स. | मा० श्री जीप छिरिङ लामा | दोलखा | - |
| ६६. | ०६६/प्र.स. | मा० श्री जीवन राम श्रेष्ठ | काठमाडौं | ८ |
| ६७. | ०६७/प्र.स. | मा० श्री जुली कुमारी महतो | धनुषा | - |
| ६८. | ०६८/प्र.स. | मा० श्री झपट बहादुर रावल | कैलाली | २ |
| ६९. | ०६९/प्र.स. | मा० श्री झलनाथ खनाल | इलाम | १ |
| ७०. | ०७०/प्र.स. | मा० श्री टेक बहादुर बस्नेत | सल्यान | १ |
| ७१. | ०७२/प्र.स. | मा० डा० डिला संग्रौला (पंत) | मोरङ्ग | - |
| ७२. | ०७३/प्र.स. | मा० श्री तिर्था गौतम | रुकुम | - |
| ७३. | ०७४/प्र.स. | मा० श्री तिल बहादुर महत क्षेत्री | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | २ |
| ७४. | ०७५/प्र.स. | मा० श्री तेजु लाल चौधरी | सप्तरी | ४ |
| ७५. | ०७६/प्र.स. | मा० श्री थम माया थापा | म्याग्दी | - |
| ७६. | ०७७/प्र.स. | मा० श्री दल बहादुर राना | पाल्पा | १ |
| ७७. | ०७८/प्र.स. | मा० श्री दामोदर भण्डारी | बैतडी | १ |
| ७८. | ०७९/प्र.स. | मा० श्री दिल कुमारी | महोत्तरी | - |
| ७९. | ०८०/प्र.स. | मा० श्री दिलेन्द्र प्रसाद बडू | दार्चुला | - |
| ८०. | ०८१/प्र.स. | मा० श्री दिव्यमणि राजभण्डारी | काठमाडौं | - |
| ८१. | ०८२/प्र.स. | मा० श्री दीपक प्रकाश भट्ट | कञ्चनपुर | ३ |
| ८२. | ०८३/प्र.स. | मा० श्री दुर्ग बहादुर रावत | कालिकोट | १ |
| ८३. | ०८४/प्र.स. | मा० श्री दुर्गा कुमारी विश्वकर्मा | कास्की | - |
| ८४. | ०८५/प्र.स. | मा० श्री दुर्गा पौडेल | प्यूठान | १ |
| ८५. | ०८६/प्र.स. | मा० श्री दुलारी देवी खत्वेनी | सप्तरी | - |
| ८६. | ०८७/प्र.स. | मा० श्री देव प्रसाद गुरुङ | लमजुङ्ग | १ |
| ८७. | ०८८/प्र.स. | मा० श्री देव प्रसाद तिमलसेना | रौतहट | ४ |
| ८८. | ०८९/प्र.स. | मा० श्री देवेन्द्र पौडेल | बाग्लुङ | २ |
| ८९. | ०९०/प्र.स. | मा० श्री देवेन्द्र राज कंडेल | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | २ |
| ९०. | ०९१/प्र.स. | मा० श्री धन बहादुर बुढा | डोल्पा | १ |
| ९१. | ०९२/प्र.स. | मा० श्री धर्माशीला चापागाई | झापा | - |
| ९२. | ०९३/प्र.स. | मा० श्री ध्रुवकुमार शाही | सुर्खेत | १ |
| ९३. | ०९४/प्र.स. | मा० श्री नन्द लाल रोका क्षेत्री | बाँके | ३ |
| ९४. | ०९५/प्र.स. | मा० श्री नविना लामा | काभ्रेपलाञ्चोक | - |
| ९५. | ०९६/प्र.स. | मा० श्री नमिता कुमारी चौधरी | सप्तरी | - |
| ९६. | ०९७/प्र.स. | मा० श्री नर बहादुर धामी | कञ्चनपुर | २ |
| ९७. | ०९८/प्र.स. | मा० श्री नरमाया ढकाल | स्याङ्जा | - |

| क्र.सं. | सदस्य क्र.सं. | नाम, थर | जिल्ला | क्षेत्र नं. |
|---|---|---|---|---|
| ९८. | ०९९/प्र.स. | मा० श्री नवराज रावत | सुर्खेत | २ |
| ९९. | १००/प्र.स. | मा० श्री नव राज सिलवाल | ललितपुर | १ |
| १००. | १०१/प्र.स. | मा० श्री नागेन्द्र कुमार | सर्लाही | - |
| १०१. | १०२/प्र.स. | मा० श्री नारद मुनि राना | कैलाली | ५ |
| १०२. | १०३/प्र.स. | मा० डा० नारायण खड्का | उदयपुर | १ |
| १०३. | १०४/प्र.स. | मा० श्री नारायण प्रसाद खतिवडा | नुवाकोट | २ |
| १०४. | १०५/प्र.स. | मा० श्री नारायण प्रसाद मरासिनी | स्याङ्जा | १ |
| १०५. | १०६/प्र.स. | मा० श्री निर्जला राउत | सिराहा | - |
| १०६. | १०७/प्र.स. | मा० श्री निरा देवी जैरु | डडेलधुरा | - |
| १०७. | १०८/प्र.स. | मा० श्री निरु देवी पाल | कञ्चनपुर | - |
| १०८. | १०९/प्र.स. | मा० श्री पदम गिरी | पर्वत | १ |
| १०९. | ११०/प्र.स. | मा० श्री पद्म नारायण चौधरी (थारु) | सिराहा | - |
| ११०. | १११/प्र.स. | मा० श्री पद्मा कुमारी अर्याल | स्याङ्जा | २ |
| १११. | ११२/प्र.स. | मा० श्री पम्फा भुसाल | ललितपुर | ३ |
| ११२. | ११३/प्र.स. | मा० श्री पवित्रा निरौला (खरेल) | झापा | २ |
| ११३. | ११४/प्र.स. | मा० श्री पार्वत गुरुङ | दोलखा | १ |
| ११४. | ११५/प्र.स. | मा० श्री पार्बता डी.सी. (चौधरी) | दाङ | - |
| ११५. | ११६/प्र.स. | मा० श्री पार्वती कुमारी विशुन्के | दैलेख | - |
| ११६. | ११७/प्र.स. | मा० श्री पुष्प कमल दाहाल (प्रचण्ड) | चितवन | ३ |
| ११७. | ११८/प्र.स. | मा० श्री पुष्पा कुमारी कर्ण कायस्त | पर्सा | - |
| ११८. | ११९/प्र.स. | मा० श्री पुष्पा भुसाल (गौतम) | अर्घाखांची | - |
| ११९. | १२०/प्र.स. | मा० श्री पूर्ण कुमारी सुवेदी | बाँके | - |
| १२०. | १२१/प्र.स. | मा० श्री पोल्देन छोपाङ गुरुङ | मनाङ्ग | १ |
| १२१. | १२२/प्र.स. | मा० श्री प्रकाश मान सिंह | काठमाडौं | १ |
| १२२. | १२३/प्र.स. | मा० श्री प्रकाश रसाईली (स्नेही) | बझाङ्ग | - |
| १२३. | १२४/प्र.स. | मा० श्री प्रदिप कुमार ज्ञवाली | गुल्मी | १ |
| १२४. | १२५/प्र.स. | मा० श्री प्रदिप गिरी | सिराहा | १ |
| १२५. | १२६/प्र.स. | मा० श्री प्रदिप यादव | पर्सा | १ |
| १२६. | १२८/प्र.स. | मा० श्री प्रमिला राई | उदयपुर | - |
| १२७. | १२९/प्र.स. | मा० श्री प्रमोद कुमार यादव | रुपन्देही | ४ |
| १२८. | १३०/प्र.स. | मा० श्री प्रमोद साह | सर्लाही | १ |
| १२९. | १३१/प्र.स. | मा० श्री प्रेम प्रसाद तुलाचन | मुस्ताङ्ग | १ |
| १३०. | १३२/प्र.स. | मा० श्री प्रेम वहादुर आले | डोटी | १ |
| १३१. | १३३/प्र.स. | मा० श्री प्रेम सुवाल | भक्तपुर | १ |
| १३२. | १३४/प्र.स. | मा० श्री बर्षमान पुन | रोल्पा | १ |

| क्र.सं. | सदस्य क्र.सं. | नाम, थर | जिल्ला | क्षेत्र नं. |
|---|---|---|---|---|
| १३३. | १३५/प्र.स. | मा० डा० बाबुराम भट्टराई | गोरखा | २ |
| १३४. | १३६/प्र.स. | मा० श्री बालकृष्ण खांण | रुपन्देही | - |
| १३५. | १३७/प्र.स. | मा० डा० बिजय सुव्वा | तेह्रथुम | - |
| १३६. | १३८/प्र.स. | मा० श्री बिनोद कुमार चौधरी | नवलपरासी | - |
| १३७. | १३९/प्र.स. | मा० श्री बिमल प्रसाद श्रीवास्तव | पर्सा | २ |
| १३८. | १४०/प्र.स. | मा० श्री बिमला नेपाली | दाङ | - |
| १३९. | १४१/प्र.स. | मा० श्री बिमला बि.क. | बर्दिया | - |
| १४०. | १४२/प्र.स. | मा० श्री बीना मगर | कञ्चनपुर | १ |
| १४१. | १४३/प्र.स. | मा० श्री बृजेश कुमार गुप्त | कपिलवस्तु | २ |
| १४२. | १४४/प्र.स. | मा० श्री भरत कुमार शाह | रुपन्देही | ५ |
| १४३. | १४५/प्र.स. | मा० श्री भवानी प्रसाद खापुङ | तेह्रथुम | १ |
| १४४. | १४६/प्र.स. | मा० श्री भानु भक्त ढकाल | मोरङ्ग | ३ |
| १४५. | १४७/प्र.स. | मा० श्री भिमसेन दास प्रधान | काठमाडौं | ६ |
| १४६. | १४८/प्र.स. | मा० डा० भीम वहादुर रावल | अछाम | १ |
| १४७. | १४९/प्र.स. | मा० श्री भुपेन्द्र बहादुर थापा | म्याग्दी | १ |
| १४८. | १५०/प्र.स. | मा० श्री भुमि प्रसाद त्रिपाठी | धादिङ्ग | १ |
| १४९. | १५१/प्र.स. | मा० श्री भैरव बहादुर सिंह | बझाङ्ग | १ |
| १५०. | १५२/प्र.स. | मा० श्री मन कुमारी जि सी | बाग्लुङ | - |
| १५१. | १५३/प्र.स. | मा० श्री महन्थ ठाकुर | महोत्तरी | ३ |
| १५२. | १५४/प्र.स. | मा० श्री महिन्द्र राय यादव | सर्लाही | २ |
| १५३. | १५५/प्र.स. | मा० श्री महेन्द्र कुमारी लिम्बु | झापा | - |
| १५४. | १५६/प्र.स. | मा० श्री महेश बस्नेत | भक्तपुर | २ |
| १५५. | १५७/प्र.स. | मा० श्री महेश्वर जंग गहतराज (अथक) | बाँके | १ |
| १५६. | १५८/प्र.स. | मा० श्री मातृका प्रसाद यादव | धनुषा | १ |
| १५७. | १५९/प्र.स. | मा० श्री माधव कुमार नेपाल | काठमाडौं | २ |
| १५८. | १६०/प्र.स. | मा० श्री मान बहादुर विश्वकर्मा | अर्घाखांची | - |
| १५९. | १६१/प्र.स. | मा० श्री माया देवी न्यौपाने | काठमाडौं | - |
| १६०. | १६२/प्र.स. | मा० श्री मिन वहादुर विश्वकर्म | सुनसरी | - |
| १६१. | १६३/प्र.स. | मा० श्री मिना सुब्वा | सुनसरी | - |
| १६२. | १६४/प्र.स. | मा० श्री मिनाक्षी झा | धनुषा | - |
| १६३. | १६५/प्र.स. | मा० श्री मिनेन्द्र प्रसाद रिजाल | मोरङ्ग | २ |
| १६४. | १६६/प्र.स. | मा० श्री मीना पाण्डे | सर्लाही | - |
| १६५. | १६७/प्र.स. | मा० श्री मुकुन्द न्यौपाने | काठमाडौं | - |
| १६६. | १६८/प्र.स. | मा० श्री मेटमणि चौधरी | दाङ | १ |
| १६७. | १६९/प्र.स. | मा० श्री मैना कुमारी भण्डारी | गुल्मी | - |

| क्र.सं. | सदस्य क्र.सं. | नाम, थर | जिल्ला | क्षेत्र नं. |
|---|---|---|---|---|
| १६८. | १७०/प्र.स. | मा० श्री मोतीलाल दुगड | मोरङ्ग | - |
| १६९. | १७१/प्र.स. | मा० श्री मोहन आचार्य | रसुवा | १ |
| १७०. | २७९/प्र.स. | मा० श्री मोहनप्रसाद पाण्डे [२] | स्याङ्जा | - |
| १७१. | १७२/प्र.स. | मा० श्री मोहन बानिया | मुगु | - |
| १७२. | १७३/प्र.स. | मा० श्री मोहम्मद आफताब आलम [३] | रौतहट | २ |
| १७३. | १७४/प्र.स. | मा० श्री मोहम्मद ईश्तियाक राई | बाँके | २ |
| १७४. | १७५/प्र.स. | मा० श्री यज्ञ बहादुर बोगटी | अछाम | २ |
| १७५. | १७६/प्र.स. | मा० श्री यज्ञ राज सुनुवार | ओखलढुंगा | १ |
| १७६. | १७७/प्र.स. | मा० श्री यशोदा गुरुङ सुवेदी | मनाङ | - |
| १७७. | १७८/प्र.स. | मा० श्री योगेश कुमार भट्टराई | ताप्लेजुङ्ग | १ |
| १७८. | १७९/प्र.स. | मा० श्री रंगमती शाही | हुम्ला | - |
| १७९. | १८०/प्र.स. | मा० श्री रघुबीर महासेठ | धनुषा | ४ |
| १८०. | १८२/प्र.स. | मा० श्री रविन्द्र राज शर्मा | दैलेख | १ |
| १८१. | १८३/प्र.स. | मा० श्री राज किशोर यादव | सिराहा | ४ |
| १८२. | १८४/प्र.स. | मा० श्री राजबहादुर बुढाक्षेत्री | दैलेख | २ |
| १८३. | १८५/प्र.स. | मा० श्री राजेन्द्र कुमार के.सी. | काठमाडौं | १० |
| १८४. | १८६/प्र.स. | मा० श्री राजेन्द्र कुमार राई | धनकुटा | १ |
| १८५. | १८७/प्र.स. | मा० श्री राजेन्द्र प्रसाद गौतम | संखुवासभा | १ |
| १८६. | १८८/प्र.स. | मा० श्री राजेन्द्र प्रसाद लिङ्देन | झापा | ३ |
| १८७. | १८९/प्र.स. | मा० श्री राजेन्द्र प्रसाद श्रेष्ठ | काठमाडौं | |
| १८८. | १९०/प्र.स. | मा० श्री राजेन्द्र महतो | धनुषा | ३ |
| १८९. | १९१/प्र.स. | मा० श्री राधा कुमारी ज्ञवाली | रुपन्देही | - |
| १९०. | १९२/प्र.स. | मा० श्री रानी मण्डल | सप्तरी | - |
| १९१. | १९३/प्र.स. | मा० श्री राम कुमारी चौधरी | सुनसरी | - |
| १९२. | १९४/प्र.स. | मा० श्री रामकुमारी झाक्री | काठमाडौं | - |
| १९३. | १९५/प्र.स. | मा० श्री राम बहादुर बिष्ट | अछाम | - |
| १९४. | १९६/प्र.स. | मा० श्री राम बिर मानन्धर | काठमाडौं | ७ |
| १९५. | १९७/प्र.स. | मा० श्री रामवावु कुमार यादव | बारा | ३ |
| १९६. | १९८/प्र.स. | मा० श्री रामसहाय प्रसाद यादव | बारा | २ |
| १९७. | १९९/प्र.स. | मा० श्री रामेश्वर राय यादव | सर्लाही | ३ |
| १९८. | २००/प्र.स. | मा० श्री रुही नाज | सर्लाही | - |
| १९९. | २०१/प्र.स. | मा० श्री रेखा कुमारी | रौतहट | - |
| २००. | २०२/प्र.स. | मा० श्री रेखा शर्मा | दाङ | - |

[२] निर्वाचन आयोगको मिति २०७७/०८/०४ गतेको पत्र मार्फत् सूर्य बहादुर के.सी को रिक्त स्थानमा समानुपातिक तर्फबाट निर्वाचित भएको जानकारी प्राप्त ।

[३] मिति २०७६ असोज २७ गते पक्राउ हुनुभएको सूचनापत्र-४ प्रकाशित गरिएको ।

| क्र.सं. | सदस्य क्र.सं. | नाम, थर | जिल्ला | क्षेत्र नं. |
|---|---|---|---|---|
| २०१. | २०३/प्र.स. | मा० श्री रेनुका गुरुङ्ग | काठमाडौं | - |
| २०२. | २०४/प्र.स. | मा० श्री रेनु कुमारी यादव | सप्तरी | - |
| २०३. | २०५/प्र.स. | मा० श्री रेशम लाल चौधरी [४] | कैलाली | १ |
| २०४. | २०६/प्र.स. | मा० श्री लक्ष्मण लाल कर्ण | पर्सा | ४ |
| २०५. | २०७/प्र.स. | मा० श्री लक्ष्मी कुमारी चौधरी | कैलाली | - |
| २०६. | २०८/प्र.स. | मा० श्री लक्ष्मी परियार | उदयपुर | - |
| २०७. | २०९/प्र.स. | मा० श्री लालकाजी गुरूङ्ग | पर्वत | - |
| २०८. | २१०/प्र.स. | मा० श्री लाल प्रसाद साँवा लिम्बू | झापा | ४ |
| २०९. | २११/प्र.स. | मा० श्री लाल बहादुर थापा | बाजुरा | १ |
| २१०. | २१२/प्र.स. | मा० श्री लाल बाबु पण्डित | मोरङ्ग | ६ |
| २११. | २१३/प्र.स. | मा० श्री लिलानाथ श्रेष्ठ | सिराहा | ३ |
| २१२. | २७८/प्र.स. | मा० श्री लिला देवी सिटौला [५] | ललितपुर | - |
| २१३. | २१५/प्र.स. | मा० श्री वसन्त कुमार नेम्वाङ्ग | पाँचथर | १ |
| २१४. | २१६/प्र.स. | मा० श्री वहादुर सिंह लामा (तमाङ) | नुवाकोट | - |
| २१५. | २१७/प्र.स. | मा० श्री विजय कुमार गच्छदार [६] | सुनसरी | ३ |
| २१६. | २७६/प्र.स. | मा० श्री विद्या भट्टराई | कास्की | २ |
| २१७. | २१८/प्र.स. | मा० श्री विना कुमारी श्रेष्ठ | काठमाडौं | - |
| २१८. | २१९/प्र.स. | मा० श्री विना देवी बुढाथोकी | कञ्चनपुर | - |
| २१९. | २२०/प्र.स. | मा० श्री विन्दा पाण्डे | काठमाडौं | - |
| २२०. | २२१/प्र.स. | मा० श्री विमला विश्वकर्मा | झापा | - |
| २२१. | २२२/प्र.स. | मा० श्री विरोध खतिवडा | मकवानपुर | २ |
| २२२. | २२३/प्र.स. | मा० श्री विशाल भट्टराई | खोटाङ्ग | १ |
| २२३. | २२४/प्र.स. | मा० श्री विष्णु प्रसाद पौडेल | रुपन्देही | २ |
| २२४. | २२५/प्र.स. | मा० श्री विष्णु शर्मा | दाङ | - |
| २२५. | २२६/प्र.स. | मा० श्री वोधमाया कुमारी यादव | धनुषा | |
| २२६. | २२७/प्र.स. | मा० श्री शक्ति बहादुर वस्नेत | जाजरकोट | १ |
| २२७. | २२८/प्र.स. | मा० श्री शरत सिंह भण्डारी | महोत्तरी | २ |
| २२८. | २२९/प्र.स. | मा० श्री शशांक कोइराला | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १ |
| २२९. | २३०/प्र.स. | मा० श्री शशी श्रेष्ठ | काठमाडौं | - |
| २३०. | २३१/प्र.स. | मा० श्री शान्ता चौधरी | दाङ | - |
| २३१. | २३२/प्र.स. | मा० श्री शान्तीमाया तामाङ पाख्रीन | दोलखा | - |

[४] मिति २०७४ फागुन १८ गते जिल्ला प्रहरी कार्यालय, कैलालीबाट कारागार चलान गरिएको पत्र प्राप्त भएको ।

[५] निर्वाचन आयोगको मिति २०७७/०४/१२ गतेको पत्र मार्फत् सरिता गिरीको रिक्त स्थानमा समानुपातिक तर्फबाट निर्वाचित भएको जानकारी प्राप्त ।

[६] मिति २०७६ साल माघ २२ गतेबाट स्वतः निलम्बन हुनुभएको सूचनापत्र-४ प्रकाशित गरिएको ।

| क्र.सं. | सदस्य क्र.सं. | नाम, थर | जिल्ला | क्षेत्र नं. |
|---|---|---|---|---|
| २३२. | २३३/प्र.स. | मा० श्री शिव कुमार मंडल (केवट) | मोरङ्ग | ५ |
| २३३. | २३४/प्र.स. | मा० श्री शिव माया तुम्बाहाङफे | मोरङ्ग | - |
| २३४. | २३५/प्र.स. | मा० श्री शेर बहादुर तामाङ | सिन्धुपाल्चोक | २ |
| २३५. | २३६/प्र.स. | मा० श्री शेर बहादुर देउवा | डडेलधुरा | १ |
| २३६. | २३७/प्र.स. | मा० श्री श्याम कुमार श्रेष्ठ | रामेछाप | १ |
| २३७. | २३८/प्र.स. | मा० श्री सत्य नारायण शर्मा खनाल | नवलपरासी | - |
| २३८. | २३९/प्र.स. | मा० श्री सत्य पहाडी | जाजरकोट | - |
| २३९. | २४०/प्र.स. | मा० श्री सन्त कुमार थारु | बर्दिया | २ |
| २४०. | २४१/प्र.स. | मा० श्री समीना हुसेन | रौतहट | - |
| २४१. | २४२/प्र.स. | मा० श्री सरला कुमारी यादव | रौतहट | - |
| २४२. | २४३/प्र.स. | मा० श्री सरिता कुमारी गिरी | सप्तरी | - |
| २४३. | २४५/प्र.स. | मा० श्री सरीता न्यौपाने | काठमाडौं | - |
| २४४. | २४६/प्र.स. | मा० श्री सरवत आरा खानम | बाँके | - |
| २४५. | २४८/प्र.स. | मा० श्री सिताराम महतो | सुनसरी | २ |
| २४६. | २४९/प्र.स. | मा० श्री सीतादेवी यादव | सिराहा | - |
| २४७. | २५०/प्र.स. | मा० श्री सुजाता कोईराला | मोरङ्ग | - |
| २४८. | २५१/प्र.स. | मा० श्री सुजाता परीयार | इलाम | - |
| २४९. | २५२/प्र.स. | मा० श्री सुजिता शाक्य | काठमाडौं | - |
| २५०. | २५३/प्र.स. | मा० श्री सुदन किराती | भोजपुर | १ |
| २५१. | २५४/प्र.स. | मा० श्री सुरेन्द्र कुमार कार्की | झापा | १ |
| २५२. | २५५/प्र.स. | मा० श्री सुरेन्द्र कुमार यादव | महोत्तरी | ४ |
| २५३. | २५६/प्र.स. | मा० श्री सुरेन्द्र प्रसाद पाण्डे | चितवन | १ |
| २५४. | २५७/प्र.स. | मा० श्री सुरेश कुमार राई | उदयपुर | २ |
| २५५. | २५८/प्र.स. | मा० श्री सुरेस चन्द्र दास | सिराहा | २ |
| २५६. | २७७/प्र.स. | मा० श्री सुवर्ण ज्वारचन[७] | बाग्लुङ | - |
| २५७. | २५९/प्र.स. | मा० श्री सुवास चन्द्र नेम्वाङ्ग | इलाम | २ |
| २५८. | २६०/प्र.स. | मा० श्री सूर्य नारायण यादव | सप्तरी | १ |
| २५९. | २६१/प्र.स. | मा० श्री सूर्य प्रसाद पाठक | बाग्लुङ | १ |
| २६०. | २६३/प्र.स. | मा० श्री सोम प्रसाद पाण्डेय | पाल्पा | २ |
| २६१. | २६४/प्र.स. | मा० श्री स्मृति नारायण चौधरी | धनुषा | - |
| २६२. | २६५/प्र.स. | मा० श्री संजय कुमार गौतम | बर्दिया | १ |
| २६३. | २६६/प्र.स. | मा० श्री हरिनारायण प्रसाद सा रौनियार[८] | पर्सा | ३ |
| २६४. | २६७/प्र.स. | मा० श्री हरि राज अधिकारी | गोरखा | १ |

[७] निर्वाचन आयोगको मिति २०७७/०३/३० गतेको पत्र मार्फत् ज्ञानकुमारी छन्त्यालको रिक्त स्थानमा समानुपातिक तर्फबाट निर्वाचित भएको जानकारी प्राप्त।

[८] मिति २०७५ असोज २१ गते स्वतः निलम्बनमा पर्नुभएको सूचना प्रकाशित गरिएको।

| क्र.सं. | सदस्य क्र.सं. | नाम, थर | जिल्ला | क्षेत्र नं. |
|---|---|---|---|---|
| २६५. | २६८/प्र.स. | मा० श्री हरिवोल प्रसाद गजुरेल | सिन्धुली | २ |
| २६६. | २६९/प्र.स. | मा० श्री हित बहादुर तामाङ | नुवाकोट | १ |
| २६७. | २७०/प्र.स. | मा० श्री हिरा गुरूङ | खोटाङ्ग | - |
| २६८. | २७१/प्र.स. | मा० श्री हिराचन्द्र के.सी. | दाङ | ३ |
| २६९. | २७२/प्र.स. | मा० श्री हृदयेश त्रिपाठी | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | १ |
| २७०. | २७३/प्र.स. | मा० श्री हेम कुमार राई | सोलुखुम्बु | १ |
| २७१. | २७५/प्र.स. | मा० श्री ज्ञानेन्द्र बहादुर कार्की | सुनसरी | ४ |

# संघीय संसद
# प्रतिनिधि सभा
नवौं अधिवेशन

***बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण***

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| १. | १ | २०७८/०५/२३ | ४:०५ | ४:१५ |
| | | | ४:५५ | ५:१५ |
| | | | ५:३५ | ५:४० |
| २. | २, ३ | २०७८/०५/२५ | १:१५ | १:३० |
| | | | १:५० | २:२५ |
| | | | ३:४५ | ४:२० |
| ३. | ४ | २०७८/०५/२७ | १:२५ | १:४५ |
| | | | २:४५ | ३:०५ |
| ४. | ५ | २०७८/०५/२९ | १:१० | १:२० |
| ५. | ६ | २०७८/०६/०४ | ११:२० | १२:१० |
| ६. | ७ | २०७८/०६/०७ | २:३० | ३:०५ |
| ७. | ८ | २०७८/०६/११ | २:१५ | २:२० |
| ८. | ९ | २०७८/०६/१४ | १:१० | १:२० |
| ९. | १० | २०७८/०६/१९ | १:१० | १:२० |
| १०. | ११ | २०७८/०६/२२ | १:१० | १:४० |
| ११. | १२ | २०७८/०६/२५ | २:२५ | २:४० |
| १२. | | २०७८/०७/०९ | सूचना प्रकाशित | |
| १३. | १३ | २०७८/०७/११ | २:१० | २:२५ |
| १४. | | २०७८/०७/२९ | २०७८/७/१२ गते अधिवेशन अन्त्य भएको । | |

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - १

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल भदौ २३ गते बुधबार

प्रतिनिधि सभाको नवौं अधिवेशनको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७८ साल भदौ २३ गते बुधबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।
>
> मिति :- २०७८ भदौ १९ (विद्यादेवी भण्डारी)

तदुपरान्त सम्माननीय सभामुखले नवौं अधिवेशनको पहिलो बैठकमा उपस्थित हुनुभएका सम्पूर्ण मा० सदस्यहरुलाई हार्दिक स्वागत गर्दैगर्दा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री विशाल भट्टराईलाई समय दिनुहुँदा उहाँले अघिल्लो अधिवेशनमा रहेको थुप्रै विधेयक र अध्यादेश उपर केही कारवाही नगरी अधिवेशन अन्त्य गरीएको, अधिवेशन अन्त्य भएको भोलीपल्ट अध्यादेश जारी गर्ने चर्चा हुँदै गर्दा नेकपा (एमाले) संसदीय दलको तर्फबाट दलको अनुशासन उल्लंघन गर्ने १४ जना सदस्यहरुलाई निष्काशन गर्न सचिवालयमा सूचना दर्ता गरिएको तर सो सूचना उपर कारवाही नभएको, यसअघि दलबाट कारवाहीको सिफारिश हुँदा यथाशीघ्र सूचना टाँसिएको तर नेकपा (एमाले) बाट भएको निष्काशनको सूचना उपर कारवाही नभएकोले यी विषयहरु उपर सभामुखबाट चित्तबुझ्दो जवाफ नआएसम्म सदनको कामकारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले यसै बैठकमा प्रमुख प्रतिपक्षले उठाएको विषयको सन्दर्भमा मैले प्रचलित कानूनको प्रावधानका आधारमा रही निर्णय लिएको हो । हाल यो विषय सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको छ । साथै नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरुको सम्बन्धमा संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको व्यवस्था जानकारी गराउँछु । त्यसैगरी प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु समेत यहाँहरुलाई जानकारी छ भन्ने कुरामा म विश्वस्त छु भन्नुभयो ।

यसैबीच सम्माननीय सभामुखले जवाफ दिइरहनुहुँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न नाराहरु लगाउने क्रम शुरु गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले बारम्बार मा० सदस्यहरुलाई प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु प्रति ध्यानाकर्षण गराउँदै आ-आफ्नो आशन ग्रहण गरी सदन सञ्चालनमा सहयोग गर्न आग्रह गर्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदुपरान्त बैठक आजै १५ मिनेट पछि बस्नेगरी दिनको ४:१५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ४:५५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरु लगाउने क्रम शुरु गर्नुभयो ।

यसैबीच सम्माननीय सभामुखले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न उठेर एक मिनेट मौन धारणको लागि अनुरोध गर्नुभएपछि नारा लगाउने मा० सदस्यहरु र सभामा उपस्थित अन्य मा० सदस्यहरु सबैले उठेर मौन धारण गर्नुभयो ।

तत्पश्चात नेकपा (एमाले)का मा० सदस्यहरुको नाराबाजीका बीच सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नको लागि निम्नलिखित मा० सदस्यहरुको नाम मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

(१) मा० श्री चन्द्रकान्त चौधरी
(२) मा० श्री मानबहादुर विश्वकर्मा
(३) मा० श्री राधा कुमारी ज्ञवाली
(४) मा० श्री रेनु कुमारी यादव
(५) मा० श्री लालबाबु पण्डित
(६) मा० श्री सत्य पहाडी
(७) मा० श्री सरला कुमारी यादव

त्यसपछि सम्माननीय सभामुखले बारम्बार मा० सदस्यहरुलाई आफुले संविधान, नियम कानुन बमोजिम कार्य गरेको भन्नुहुँदै मा० सदस्यहरुले उठाउनु भएको माग दर्ज भैसकेकोले आ-आफ्नो आशन ग्रहण गरी सदन सञ्चालनमा सहयोग गर्न आग्रह गर्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि बैठक पुनः १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदुपरान्त बैठक आजै दोस्रो पटक १५ मिनेट पछि बस्नेगरी दिनको ५:१५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै दोस्रो पटक १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ५:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरु लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त मा० सदस्यहरुको नाराहरुको बीचमा नै मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "राजनीतिक दल सम्बन्धी अध्यादेश, २०७८" पेश गर्नुभयो ।

त्यसपछि पनि नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले बैठक २०७८ साल भदौ २५ गते शुक्रबार दिनको १:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल भदौ २५ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी दिनको ५:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - २ र ३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल भदौ २५ गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरु लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयमा जवाफ आइसकेको र उक्त विषय सर्वोच्च अदालतमा समेत विचाराधीन रहेकोले पटक पटक सोही विषय उठाइरहनु वाञ्छनीय नभएको साथै सदनमा अन्य मा० सदस्यहरुले बाढी पहिरो लगायत जनजिविका र अन्य विविध समस्याका सम्बन्धमा समेत बोल्न खोज्नुभएकोले बैठक सञ्चालनमा सहयोग गर्न अनुरोध गर्नुभयो ।

मा० सदस्यहरुको नाराको बीचमा नै सम्माननीय सभामुखले यस बैठकमा उठाइएका विषयहरुका सम्बन्धमा नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरुको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा मा० सदस्यहरुलाई स्मरण गराउनु भयो । त्यसैगरी उहाँले हामी आफैले बनाएको प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरुको कार्यान्वयन समेत गर्ने दायित्व हामीमा नै रहेको व्यहोरा समेत अनुरोध गर्नुभएपनि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरुले नारा लगाउने क्रम नरोकेपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदुपरान्त बैठक आजै १५ मिनेट पछि बस्नेगरी दिनको १:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:५० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरु लगाउने क्रम शुरु गर्नुभयो ।

तत्पश्चात सभामुखले राष्ट्रका सामु छलफल गर्नुपर्ने धेरै महत्वपूर्ण विषयहरु रहेकोले संसदीय अभ्यासको लामो अनुभव रहेको जिम्मेवार प्रतिपक्षबाट बैठक सञ्चालनमा सहयोग गर्नहुन अनुरोध गर्नुहुँदा पनि मा० सदस्यहरुले नारा लगाउने क्रम रोक्नुभएन ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "आर्थिक अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले प्रमुख प्रतिपक्षीको अवरोध रहेकोले आफ्नो प्रस्ताव प्रस्तुत नगर्ने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ नियम ९४ को उपनियम (३) बमोजिम कायम रहेको सूचनाका प्रस्तावक मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव प्रस्तुत गर्न नचाहनु भएकोले मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "आर्थिक अध्यादेश, २०७५ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव प्रस्तुत गर्न सदनमा वातावरण तयार गरियोस् भनी माग गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९५ को उपनियम (४) बमोजिम मा० सदस्यको प्रस्ताव फिर्ता भएको मानिने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएकोले मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "विनियोजन अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "विनियोजन अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "विनियोजन अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएकोले मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "विनियोजन अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त अर्को बैठक आजै १५ मिनेट पछि बस्नेगरी दिनको २:२५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ३:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरु लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त नाराको बिच मा० अर्थमन्त्री श्री जनार्दन शर्माले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४९ को उपनियम (१) र (५) बमोजिम "आर्थिक विधेयक, २०७८", "विनियोजन विधेयक, २०७८" र "राष्ट्र ऋण उठाउने विधेयक, २०७८" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले संविधान सभा सदस्यहरु महेन्द्र शेरचन र जुठबहादुर खड्गी (जे.वी. टुहुरे)को निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुँदा सभाबाट पारित भयो ।

शोक प्रस्ताव

(क) "प्रतिनिधि सभाको यो बैठक नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट २०७० सालको संविधान सभामा समानुपातिक तर्फबाट निर्वाचित सदस्य महेन्द्र शेरचनको ६८ वर्षको उमेरमा मिति २०७८ साल भदौ २ गते बुधबार उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक तत्कालिन एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट २०७० सालको संविधान सभामा समानुपातिक तर्फबाट निर्वाचित सदस्य, नेपाली जनवादी साङ्गीतिक क्षेत्रका लोकप्रिय कलाकार एवं हाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता जुठबहादुर खड्गी (जे.वी. टुहुरे) को ७८ वर्षको उमेरमा मिति २०७८ साल भदौ १० गते बिहीबार काठमाडौं बल्खुस्थित बयोधा अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले दिवंगत संविधान सभा सदस्यहरु महेन्द्र शेरचन र जुठबहादुर खड्गी (जे.वी. टुहुरे)को निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७८ साल भदौ २७ गते आइतबार दिनको १:०० बजे बस्नेगरी दिनको ४:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल भदौ २७ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले जनताको सर्वोच्च जनप्रतिनिधिमूलक सभालाई मर्यादित र व्यवस्थित बनाउँदै वादविवाद र संवाद गर्दै सहमति र सहकार्यमा जानुपर्ने भएकोले सत्तापक्ष, प्रतिपक्ष एवं सम्पूर्ण मा० सदस्यहरूले बैठक सञ्चालनको लागि सहज वातावरण बनाउन आ-आफ्नो भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । साथै मा० सदस्यहरूले बैठकमा नियमित रुपमा विरोध गर्दा अन्य मा० सदस्यको अधिकार संकुचित हुन जानेतर्फ समेत ध्यानाकर्षण गराउँछु । देशका विभिन्न समस्याहरू एवं जनजिविकाका पक्षहरूमा बोल्न चाहनु हुने सभाका सदस्यहरूले समेत आफ्ना भनाई राख्न अवरोध पुगीरहेको अवस्था छ । यी समस्याहरूमा यहाँहरूको ध्यानाकर्षण गराउँदै बैठक सञ्चालनका लागि आ-आफ्नो स्थानमा आशन ग्रहण गरी सहयोगका लागि अनुरोध समेत गर्दछु भन्नभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मा० सदस्यहरूबाट निरन्तर नाराबाजीको क्रम जारी भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरूको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा पुनः स्मरण गराउनु भयो । साथै मा० सदस्यहरूको माग बमोजिम संवैधानिक सर्वोच्चता र मर्यादा कायम गर्ने कुरामा आफु सहमत भएको समेत जानकारी गराउनुहुँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरू हामी सबैले पालना गर्नुपर्छ भनी अनुरोध गर्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदुपरान्त बैठक आजै १५ मिनेट पछि बस्नेगरी दिनको १:४५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले संसदीय मर्यादा कायम गर्ने कुरा हामी सबैको दायित्व भएको र सभामुखले संविधान, नियम, कानुन बमोजिम पहलकदमी लिने कुरामा आफु प्रतिवद्ध रहेको छु भन्नुभयो । जनताको आवाजको प्रतिध्वनित गर्ने जनप्रतिनिधिहरूको सर्वोच्च थलोलाई गरिमामय बनाउन हामी सबैको दायित्व रहेको र संसदको मर्यादा कायम गर्न हामी सबै प्रतिवद्ध बनौं भन्नुहुँदै यसको नेतृत्वको भूमिका निर्वाह गर्न समेत आफु तयार रहेको छु भन्नुभयो । समन्वय, सहकार्य र समझदारी एवम् संवादद्वारा अन्तिममा हामीले निष्कर्षमा पुग्नैपर्ने भएकोले संवादको वातावरण बनाउन सबैले आफ्नो भूमिका निर्वाह गरी जनप्रतिनिधिमूलक संस्थालाई गरिमामय, जीवन्त र जनमुखी बनाउन न्यूनतम साझा समझदारी कायम गरी अगाडि बढ्न समेत आग्रह गर्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले बैठक भदौ २९ गते मंगलबार दिनको १:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल भदौ २९ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल भदौ २९ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त नाराको बीच मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "विनियोजन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "विनियोजन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले शोक प्रस्ताव प्रस्तुत गर्ने जानकारी भएपश्चात नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मा० सदस्यहरूबाट नारा लगाउने क्रम रोकिएपछि सम्माननीय सभामुखले पूर्व राष्ट्रिय सभा सदस्य रूक्म शमशेर ज.ब.रा. एवम् संविधान सभा सदस्य मानबहादुर महतोको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरू प्रस्तुत गर्नुहुँदा पारित भयो ।

शोक प्रस्ताव

(क) "प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा राष्ट्रिय सभामा मनोनीत सदस्य, हाल नेपाली काँग्रेस पार्टीका नेता, भारतका लागि नेपाली राजदूत, नेपालको आर्थिक एवम् औद्यौगिक विकास, कुटनीतिक र खेलकूद क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका, शालीन एवम् भद्र व्यक्तित्वको रूपमा परिचित रूक्म शमशेर ज.ब.रा.को ८६ वर्षको उमेरमा मिति २०७८ साल भदौ २६ गते शनिबार उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट समानुपातिक सदस्यमा निर्वाचित, सरल र मिलनसार एवम् निष्ठावान राजनीतिज्ञको रूपमा परिचित नेता मानबहादुर महतोको ७२ वर्षको उमेरमा मिति २०७८ साल भदौ २७ गते आइतबार उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले दिवंगत पूर्व राष्ट्रिय सभा सदस्य रूक्म शमशेर ज.ब.रा. र संविधान सभा सदस्य मानबहादुर महतोको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो एवम् मौन धारण हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मा० सदस्यहरूबाट पुनः नारा लगाउने क्रम जारी भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज ४ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी दिनको १:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज ४ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त नाराको बीच सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७८ अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, परराष्ट्र मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, रक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सहरी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय एवं विनियोजन विधेयकमा उल्लिखित सम्पूर्ण शीर्षकहरुमाथि छलफल प्रारम्भ भएको जानकारी गराउँदै विनियोजन विधेयकका विभिन्न शिर्षकहरूमाथि मा० श्री प्रेम सुवालबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (ख) बमोजिम खर्च कटौतीका प्रस्तावहरू प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात खर्च कटौती प्रस्तावका प्रस्तावक मा० श्री प्रेम सुवालले सबै मन्त्रालय, कार्यालय र सचिवालय शीर्षकहरूमाथि राख्नुभएको आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७८ अन्तर्गतका उल्लिखित सम्पूर्ण मन्त्रालय, कार्यालय र सचिवालयका विनियोजन खर्च शीर्षकहरूमाथिको छलफलमा भाग लिन थप मा० सदस्यहरूको नाम प्राप्त हुन नआएकोले उक्त छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले अर्थ मन्त्रालय लगायत सम्पूर्ण मन्त्रालय, कार्यालय र सचिवालयका विनियोजन खर्च शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा मा० श्री प्रेम सुवालले स्पष्टीकरण माग गर्नुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले उक्त स्पष्टिकरणको सम्बन्धमा स्पष्ट पार्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०७८" अन्तर्गत विभिन्न विनियोजन शिर्षकहरूमाथिको दफावार छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७८ अर्न्तगत विभिन्न विनियोजन शीर्षकहरू सम्बन्धी खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त खर्च कटौतीको प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले विनियोजन विधेयक अन्तर्गतको छलफलको जवाफ दिने क्रममा सरकारको तर्फबाट विधेयकमा समावेश गर्ने गरी प्रस्ताव गर्नुभएको निम्नलिखित संशोधनलाई स्वीकृतीको लागि निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

> "विधेयकको दफा १ को उपदफा (२) मा रहेका "यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।" भन्ने शब्दहरुको सट्टा "यो ऐन सम्वत् २०७८ साल भदौ ३१ गतेदेखि प्रारम्भ हुनेछ ।" भन्ने शब्दहरु राख्ने ।"

तदुपरान्त सम्माननीय सभामुखले मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले विनियोजन विधेयक अन्तर्गतको छलफलको जवाफ दिने क्रममा सरकारको तर्फबाट विधेयकमा समावेश गर्ने गरी प्रस्ताव गर्नुभएको स्वीकृत संशोधनलाई “विनियोजन विधेयक, २०७८” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ११ सम्म र सो सँग सम्बन्धित अनुसूची १ र २ “विनियोजन विधेयक, २०७८” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “विनियोजन विधेयक, २०७८” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “विनियोजन विधेयक, २०७८ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४९ को उपनियम (३) बमोजिम “आर्थिक विधेयक, २०७८” माथिको दफावार छलफलको लागि यही २०७८ साल असोज ७ गते बिहीबार व्यवस्थापन कार्य प्रारम्भ भएपछिको समय तोकेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्” भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात “राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज ७ गते बिहीबार दिनको २:०० बजे बस्नेगरी दिनको १२:१० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज ७ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

यसैबीच सम्माननीय सभामुखले संसद लोकतन्त्रको अभ्यास गर्ने उच्चतम थलो हो । संसदको बैठकमा पुऱ्याइने अवरोधले लोकतान्त्रिक अभ्यासमाथि संकुचन ल्याउँदछ । त्यसमाथि अहिले हामीहरु देशको दैनिक आर्थिक प्रशासन सँग सम्बन्धित अत्यावश्यक अर्थ विधेयकहरुको प्रक्रियामा छौं । तसर्थ, मा० सदस्यहरुलाई आ-आफ्नो स्थानमा आशन ग्रहण गरी बैठक सञ्चालनमा सहयोग पुऱ्याउनका लागि अनुरोध गर्नुभयो । साथै मा० सदस्यहरुले बैठक सञ्चालनमा पुऱ्याउनु भएको अवरोधले यस सभामा छलफल गर्नुपर्ने महत्वपूर्ण विषयहरुले गति लिन सकेको छैन । देशका विभिन्न समस्याहरु एवं जनजिविकाका पक्षहरुमा सभाका अन्य सदस्यहरुले समेत बोल्न पाउनु भएको छैन । यी यावत समस्याहरुमा यहाँहरुको ध्यानाकर्षण गराउँदै बैठक सञ्चालनका लागि आ-आफ्नो स्थानमा आशन ग्रहण गरी सहयोगका लागि अनुरोध गर्दछु भन्नुभयो ।

त्यसैगरी सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरुको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा पुनः स्मरण गराउँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु हामी सबैले पालना गर्नुपर्ने प्रावधानहरु हुन्, उल्लिखित प्रावधानहरु पालनाको लागि पुनः अनुरोध गर्दछु भन्नुभयो ।

तदुपरान्त नाराको बीच सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठन सम्बन्धी निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति २०७८/३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा डा. नारायण खड्कालाई मन्त्री पदमा नियुक्त गरी हाल सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाली आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

(तोयनारायण ज्ञवाली)
सचिव

मिति :- २०७८/६/६

तत्पश्चात प्रतिनिधि सभाको सचिव श्री गोपालनाथ योगीले यस सभामा उत्पत्ति भएको "विनियोजन विधेयक, २०७८" सुझाव विना पारित भएको सम्बन्धी राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले आर्थिक विधेयक, २०७८ माथि मा० श्री प्रेम सुवालबाट संशोधनका सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु हुँदै उक्त विधेयकमाथि छलफल गर्दा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४९ को उप-नियम (४) बमोजिम नेपाल सरकारको जवाफदेही क्षेत्र भित्रको प्रशासनिक कार्य, स्थानीय समस्या वा नेपाल सरकारको मौद्रिक एवं आर्थिक नीतिसँग सम्बन्धित विषयहरुमाथि मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा समेत भाग लिनुभयो ।

तत्पश्चात उक्त विधेयकमाथिको छलफलमा भाग लिनको लागि थप कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “आर्थिक विधेयक, २०७८” को दफा २ देखि ४५ सम्मका दफाहरु र सम्बन्धित अनुसूची १ देखि ४ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “आर्थिक विधेयक, २०७८” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “आर्थिक विधेयक, २०७८ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथिको दफावार छलफल सदनमा गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले उक्त विधेयकमाथि मा० श्री प्रेम सुवालबाट संशोधन प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि संशोधनकर्ता मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तदुपरान्त उक्त विधेयकमाथिको छलफलमा भाग लिनको लागि थप कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ “राष्ट्र ऋण उठाउने विधेयक, २०७८” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “राष्ट्र ऋण उठाउने विधेयक, २०७८” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले “राष्ट्र ऋण उठाउने विधेयक, २०७८ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज ११ गते सोमबार दिनको २:०० बजे बस्नेगरी दिनको ३:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज ११ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

यसैबीच सम्माननीय सभामुखले सभाको बैठक नियमित रुपले अवरोध गर्दा विभिन्न महत्वपूर्ण विषयहरुमा छलफल हुन वाधा व्यवधान पुगिरहेको छ । सभा सञ्चालनका लागि सहयोग गर्नु हामी सबैको समान दायित्व पनि हो । सभामा आफ्नो कुराहरु राखेर बैठकलाई सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आ-आफ्नो आशन ग्रहण गरी सहयोग गरिदिनुहुन अनुरोध गर्दछु भन्नुभयो ।

त्यसैगरी सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरुको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा पुनः स्मरण गराउँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु हामी सबैले पालना गर्नुपर्ने प्रावधानहरु हुन्, उल्लिखित प्रावधानहरु पालनाको लागि पुनः अनुरोध गर्दछु भन्नुभयो ।

तदुपरान्त नाराको बीच सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त हुन आएको विधेयक प्रमाणीकरण सम्बन्धी निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएको देहाय बमोजिमको विधेयक सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १ | विनियोजन विधेयक, २०७८ | २०७८/६/७ |

(तोयनारायण ज्ञवाली)
सचिव

मिति :- २०७८/६/७

तत्पश्चात प्रतिनिधि सभाको सचिव श्री गोपालनाथ योगीले यस सभामा उत्पत्ति भएका “आर्थिक विधेयक, २०७८” र “राष्ट्र ऋण उठाउने विधेयक, २०७८” सुझाव विना पारित भएको सम्बन्धी राष्ट्रिय सभाबाट प्राप्त सन्देश जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज १४ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी दिनको २:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज १४ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

यसैबीच सम्माननीय सभामुखले सभाको बैठकमा भैरहेको नियमित अवरोधले संसदले गर्नुपर्ने कार्यहरू प्रभावित हुन पुगेको छ, बैठकको सहज संचालनमा बाधा पुगिरहेको छ । सभा संचालनका लागि सहयोग गर्नु हामी सवैको उत्तिकै दायित्व पनि हो, सो प्रति संवेदनशील हुन अनुरोध गर्दछु । माननीय सदस्यहरूलाई सभामा आफ्नो कुराहरू राखेर बैठकलाई सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आ-आफ्नो आशन ग्रहण गरी सहयोग गरिदिन र प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ६ को उपनियम (६) बमोजिम बैठक संचालनमा आवश्यक सहयोगको लागि समेत अनुरोध गर्दछु भन्नुभयो ।

त्यसैगरी सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरूको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा पुनः स्मरण गराउनुका साथै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरू हामी सबैले पालना गर्नुपर्ने प्रावधानहरू हुन् उल्लिखित प्रावधानहरू पालनाको लागि पुनः अनुरोध गर्दछु भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखबाट बारम्बार आशन ग्रहणको लागि अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरूबाट नारा लगाउने क्रम नारेकिएपछि नाराको बीच सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त हुन आएको निम्नलिखित पत्रहरूको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिशमा नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (ख) बमोजिम राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ मिति २०७८/६/११ गते खारेज गर्नुभएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

(तोयनारायण ज्ञवाली)
सचिव

मिति :- २०७८/६/११

(ख) संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रतिहरू थान २ (दुई) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | २ | आर्थिक विधेयक, २०७८ | २०७८/६/१३ |
| २. | ३ | राष्ट्र ऋण उठाउने विधेयक, २०७८ | २०७८/६/१३ |

(तोयनारायण ज्ञवाली)
सचिव

मिति :- २०७८/६/१३

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले "महालेखा परीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदन, २०७८" पेश गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज १९ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको १:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - १०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज १९ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

यसैबीच सम्माननीय सभामुखले "जनप्रतिनिधिहरुको सर्वोच्च निकाय संघीय संसद एवं संसद सदस्यले स्वीकृत विधि, पद्धति एवं प्रकृया पालना गर्ने कुरामा अझै बढी संवेदनशील एवं प्रतिवद्ध हुन आवश्यक छ भन्ने कुरालाई आत्मसात गर्दै सभाको नियमित प्रकृयामा प्रवेश गरी आफ्ना भनाई राख्न अनुरोध गर्दछु । सभाको बैठकको नियमित अवरोधको कारण आम जनमानसमा संसद प्रतिनै वितृष्णा हुनसक्नेतर्फ हामी सबै सचेत हुन जरुरी छ । हामी सबैको रचनात्मक भूमिकाले नै संसदको प्रभावकारीता अभिवृद्धि हुन्छ भन्ने कुरामा म विस्वस्त छु र माननीय सदस्यहरुलाई पनि यस विषयमा मनन् गर्न आग्रह गर्दछु" भन्नुभयो ।

साथै वहांले "सभाको बैठकलाई सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आ-आफ्नो आशन ग्रहण गरी सहयोग गरिदिन र प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ६ को उपनियम (६) बमोजिम बैठक संचालनमा आवश्यक सहयोगको लागि समेत अनुरोध गर्दछु । मैले अघिल्ला बैठकहरुमा पनि भनेको छु, नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरुको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा पुनः स्मरण गराउँछु । प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु हामी सबैले पालना गर्नुपर्ने प्रावधानहरु हुन् उल्लिखित प्रावधानहरु पालनाको लागि पुनः अनुरोध गर्दछु" भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखबाट बारम्बार आशन ग्रहणको लागि अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरूबाट नारा लगाउने क्रम नारेकिएपछि नाराको बीच सम्माननीय सभामुखको अनुमतिले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपालको संविधानको धारा २९४ बमोजिम "राष्ट्रिय दलित आयोगको वार्षिक प्रगति प्रतिवेदन, २०७६/७७" पेश गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज २२ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी दिनको १:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ११

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज २२ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडि वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "नेपालको संविधानको धारा १०५ को प्रावधान लगायत प्रतिनिधि सभा नियमावली , २०७५ को नियम ६ को उपनियम (६) तथा नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु पालना गर्नु हामी सबैको कर्तव्य भएको पुनः स्मरण गराउन चाहन्छु । साथ-साथै आफ्ना कुराहरु विधि एवं प्रक्रिया सम्मत तवरमा सदनमा राख्न तथा आ-आफ्नो आसन ग्रहण गरी सभा सञ्चालनमा सहयोग गर्न अनुरोध गर्दछु" भन्नुभयो।

वहाँले "सदनको नियमित अवरोधले सभाले सम्पादन गर्नु पर्ने महत्वपूर्ण कार्यहरु प्रभावित भएका छन् । संसदका कार्यहरु प्रत्यक्ष रुपले जनसरोकारका विषयहरु हुने भएकोले यस्ता अवरोधहरुमा नियमितता देखिनुले राम्रो सन्देश प्रवाह गर्दैन । त्यस प्रति संवेदनशील एवं सचेत हुन तथा बैठकलाई सुव्यवस्थित सञ्चालनका लागि सहयोग गर्न अनुरोध गर्दछु" भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखबाट बारम्बार आशन ग्रहणको लागि अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरूबाट नारा लगाउने क्रम नरोकिएपछि नाराको बीच सम्माननीय सभामुखको अनुमतिले मिति २०७८ असोज १९ को मन्त्रिपरिषद्को निर्णयानुसार "संघीय निजामति सेवा विधेयक, २०७५" फिर्ता लिने सूचना प्राप्त भएकोले सम्माननीय प्रधानमन्त्री एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (३) बमोजिम "संघीय निजामति सेवा विधेयक, २०७५" फिर्ता लिने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (४) बमोजिम मा० श्री प्रेम सुवालले उक्त प्रस्तावको विरोधको सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्री एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले विधेयक फिर्ता लिने प्रस्तावको विरोधको क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले मा० श्री प्रेम सुवालले प्रस्तुत गर्नुभएको विधेयक फिर्ता लिने प्रस्तावको विरोध फिर्ता लिन नचाहनु भएकोले उहांले प्रस्तुत गर्नुभएको विधेयक फिर्ता लिने प्रस्ताव माथिको विरोधलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले राख्नुभएको "संघीय निजामति सेवा विधेयक, २०७५" फिर्ता लिने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखको अनुमतिले मिति २०७८ असोज १९ को मन्त्रिपरिषद्को निर्णयानुसार रेल्वे विधेयक, २०७६ फिर्ता लिने सूचना प्राप्त भएकोले सम्माननीय प्रधानमन्त्री एवं भौतिक पुर्वाधार तथा यातायात मन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (५) बमोजिम राष्ट्रिय सभामा उत्पत्ति भै प्रतिनिधि सभामा विचाराधीन रहेको "रेल्वे विधेयक २०७६" फिर्ता लिन राष्ट्रिय सभाको सहमतिको निमित्त प्रतिनिधि सभाको सिफारिश प्राप्त गर्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (४) बमोजिम मा० श्री प्रेम सुवालले प्रस्तावको विरोधको सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले विधेयक फिर्ता लिन राष्ट्रिय सभाको सहमतिको निमित्त सदनको सिफारिश प्राप्त गर्ने प्रस्तावको विरोधको क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले आफ्नो विरोध फिर्ता लिन नचाहनु भएकोले उहांले प्रस्तुत गर्नुभएको विधेयक फिर्ता लिने प्रस्तावको विरोधलाई निर्णयार्थ प्रस्तुत गर्दा बहुमतले अस्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले राष्ट्रिय सभामा उत्पत्ति भै प्रतिनिधि सभामा विचाराधिन रहेको "रेल्वे विधेयक २०७६" फिर्ता लिन राष्ट्रिय सभाको सहमतिको निमित्त सदनको सिफारिश प्राप्त गर्न राख्नुभएको प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नुहँदा बहुमतले स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज २५ गते सोमबार दिनको २:०० बजे बस्नेगरी आजको बैठक दिनको १:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - १२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज २५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडि वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "नेपालको संविधानको धारा १०५ को प्रावधान लगायत प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (६) तथा नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु प्रति पुन: ध्यानाकर्षण गराउँदछु । साथै आफ्ना कुराहरु विधि, पद्धति एवं प्रक्रिया सम्मत रुपमा सदनमा राख्न तथा आ-आफ्नो आशन ग्रहण गरी सभा सञ्चालनमा सहयोग पुऱ्याउन अनुरोध गर्दछु" भन्नुभयो ।

वहाँले "सदनको नियमित अवरोधले सभाले सम्पादन गर्नु पर्ने महत्वपूर्ण कार्यहरु प्रभावित हुन पुगेका छन् । संसदका कार्यहरु प्रत्यक्ष रुपले आम सरोकारका विषयहरु हुने भएकोले यस्ता अवरोधहरुमा नियमितता देखिनुले राम्रो सन्देश प्रवाह गर्दैन । यस प्रति संवेदनशील एवं सचेत हुन तथा बैठकलाई सुव्यवस्थित सञ्चालनका लागि सहयोग गर्न अनुरोध गर्दछु । सभाको बैठकको नियमित अवरोधको कारण आम जनमानसमा संसद प्रति निराशा हुनसक्ने तर्फ हामी सबै सचेत हुन जरुरी छ । माननीय सदस्यहरुको रचनात्मक भूमिकाले नै संसदको प्रभावकारीता अभिवृद्धि हुन्छ भन्ने कुरामा म विश्वस्त छु र माननीय सदस्यहरुलाई पनि यस विषयमा मनन् गर्न आग्रह गर्दछु" भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखबाट बारम्बार आशन ग्रहणको लागि अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरूबाट नारा लगाउने क्रम नरोकिएपछि नाराको बीच सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को गठन सम्बन्धी निम्नलिखित पत्र पढेर सुनाउनुभयो :-

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको सिफारिसमा मिति २०७८/६/२२ गते देहायअनुसार नियुक्ति, हेरफेर र कार्यविभाजन गरी देहायबमोजिम मन्त्रिपरिषद् गठन गर्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १ | श्री शेरबहादुर देउवा | प्रधानमन्त्री | |
| २ | श्री बालकृष्ण खाँण | मन्त्री | गृह |
| ३ | श्री ज्ञानेन्द्रबहादुर कार्की | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ४ | श्री पम्फा भुसाल | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई |
| ५ | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| ६ | श्री विरोध खतिवडा | मन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| ७ | श्री जनार्दन शर्मा | मन्त्री | अर्थ |
| ८ | डा. मीनेन्द्रप्रसाद रिजाल | मन्त्री | रक्षा |
| ९ | श्री उमाकान्त चौधरी | मन्त्री | खानेपानी |
| १० | डा. नारायण खड्का | मन्त्री | परराष्ट्र |
| ११ | श्री रेनुकुमारी यादव | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १२ | श्री प्रेम बहादुर आले | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १३ | श्री दिलेन्द्रप्रसाद बडू | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| १४ | श्री देवेन्द्र पौडेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १५ | श्री महिन्द्र राय यादव | मन्त्री | कृषि तथा पशुपंक्षी विकास |
| १६ | श्री उमा रेग्मी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १७ | श्री शशी श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |

| क्र.सं. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १८ | श्री रामकुमारी झाँक्री | मन्त्री | सहरी विकास |
| १९ | श्री गजेन्द्रबहादुर हमाल | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २० | श्री रामसहाय प्रसाद यादव | मन्त्री | वन तथा वातावरण |
| २१ | श्री कृष्णकुमार श्रेष्ठ | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २२ | श्री महेश्वरजंग गहतराज | मन्त्री | युवा तथा खेलकूद |
| २३ | श्री उमेश श्रेष्ठ | राज्यमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २४ | श्री भवानीप्रसाद खापुङ | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| २५ | श्री बोधमायाकुमारी यादव | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |

(तोयनारायण ज्ञवाली)

सचिव

मिति :- २०७८/०६/२२

तत्पश्चात् सम्माननीय सभामुखको अनुमतिले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्रप्रसाद बडूले नेपालको संविधानको धारा २९४ बमोजिम "मधेशी आयोगको तेस्रो वार्षिक प्रतिवेदन (आ.व. २०७७/७८)" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखको अनुमतिले राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा विचाराधीन रहेको "रेल्वे विधेयक, २०७६" प्रतिनिधि सभाको मिति २०७८ असोज २२ गतेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (५) बमोजिम फिर्ता लिनको लागि राष्ट्रिय सभाको सहमति प्राप्त गर्ने प्रस्ताव पारित गरी पठाइएकोमा राष्ट्रिय सभाको मिति २०७८ असोज २५ गतेको बैठकबाट सहमति प्राप्त भई आएकोले मा० भौतिक पुर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादवले उक्त विधेयक फिर्ता लिने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० भौतिक पुर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादवले राख्नुभएको "रेल्वे विधेयक, २०७६" फिर्ता लिने प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले माननीय सदस्यहरु लगायत सम्पूर्ण देशबासी एवं विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा संघीय संसद, प्रतिनिधि सभा तथा आफ्नो तर्फबाट समेत विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४२ एवं छठ पर्वको हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल कार्तिक ९ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको २:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

# संघीय संसद

## प्रतिनिधि सभा

## नवौं अधिवेशन

## सूचनापत्र –४

२०७८ साल कार्तिक २ गते

मंगलबार

मिति २०७८ साल कार्तिक ९ गते मंगलबार दिनको १:०० बजे बस्ने गरी निर्धारण भएको प्रतिनिधि सभाको बैठक विशेष कारणवश सो दिन र समयमा बस्न नसक्ने भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखज्यूले मिति २०७८ साल कार्तिक ११ गते बिहीबार दिनको २:०० बजे बैठक बस्ने गरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

डा. भरतराज गौतम

संघीय संसदको महासचिव

F:\Session_Pratinidhi Sabha 2074\Session 9, 2078\Suchana.doc

संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - १३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल कार्तिक ११ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:१० बजे प्रारम्भ भयो।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडि वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो।

तत्पश्चात सम्माननीय सभामुखले क्रमश: देखिन थालेको जलवायू परिवर्तनका असरहरु, देशका विभिन्न स्थानमा हालै आएको अविरल वर्षाका कारण भएको जनधनको क्षति, प्रभावितलाई राहत, उद्धार तथा पुनर्स्थापना लगायतका विषयहरु, आम जनजिविकाका विभिन्न समस्याहरुका साथै समसामयिक महत्वपूर्ण विषयहरुमा सदनमा छलफल गरी समस्या समाधान गर्नु गराउनु सदन एवं मा० सदस्यहरुको प्रमुख जिम्मेवारी भएकोतर्फ गम्भिरतापूर्वक मनन् गर्न आग्रह गर्दै सदनको नियमित अवरोधलाई अन्त्य गरी सभाको बैठकलाई सहजतापूर्वक सञ्चालन गर्ने वातावरण बनाउन मा० सदस्यहरुलाई अनुरोध गर्नुभयो।

साथै उहाँले सदनको नियमित अवरोधले सभाले सम्पादन गर्नु पर्ने महत्वपूर्ण कार्यहरु प्रभावित हुन पुगेका छन्। संसदका कार्यहरु प्रत्यक्ष रुपले आम सरोकारका विषयहरु हुने भएकोले यस्ता अवरोधहरुमा नियमितता देखिनुले राम्रो सन्देश प्रवाह गर्दैन। यस प्रति संवेदनशील एवं सचेत हुन तथा बैठकलाई सुव्यवस्थित सञ्चालनका लागि सहयोग गर्न अनुरोध गर्दै नेपालको संविधानको धारा १०५ को प्रावधान लगायत प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (६) तथा नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु प्रति पुन: ध्यानाकर्षण गराउनु भयो। आफ्ना कुराहरु विधि, पद्धति एवं प्रक्रिया सम्मत रुपमा सदनमा राख्न तथा आ-आफ्नो आशन ग्रहण गरी सभा सञ्चालनमा सहयोग पुर्‍याउन समेत अनुरोध गर्दै सभाको बैठकको नियमित अवरोधको कारण आम जनमानसमा संसद प्रति निराशा हुनसक्ने तर्फ हामी सबै सचेत हुन जरुरी छ। माननीय सदस्यहरुको रचनात्मक भूमिकाले नै संसदको प्रभावकारीता अभिवृद्धि हुन्छ भन्ने कुरामा म विश्वस्त छु र माननीय सदस्यहरुलाई पनि यस विषयमा मनन् गर्न आग्रह गर्दछु भन्नुभयो।

तदुपरान्त सम्माननीय सभामुखले नाराहरुकै बीच राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो।

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्री श्री गजेन्द्रबहादुर हमालले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु।
>
> मिति : २०७८/०६/२५ (तोयनारायण ज्ञवाली)
> सचिव

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्रप्रसाद बडूले नेपालको संविधानको धारा २९४ बमोजिम "राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदन आ.व. २०७७/७८" पेश गर्नुभयो।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१० को उपनियम (४) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सभाबाट स्वीकृत भयो।

| सि.नं. | मा० सदस्यको नाम, थर | मिति | अवधि | कारण |
|---|---|---|---|---|
| १. | मा० श्री झलनाथ खनाल | २०७८।५।२३ देखि २०७८।०७।११सम्म | १३ बैठक | विरामी भै उपचाररत |
| २. | मा० श्री कर्मा घले | २०७८।५।२३ देखि २०७८।०७।११सम्म | १३ बैठक | विरामी भै विदेशमा उपचाररत |
| ३. | मा० श्री प्रदिप गिरी | २०७८।५।२३ देखि २०७८।०७।११सम्म | १३ बैठक | विरामी भै विदेशमा उपचाररत |

तदनन्तर अर्को बैठक २०७८ साल कार्तिक २९ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको २:२५ बजे स्थगित भयो।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

# संघीय संसद

सूचनापत्र –४

२०७८ साल कार्तिक १२ गते

शुक्रबार

## अधिवेशन अन्त्य सम्बन्धी सूचना

सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०७/११ को सिफारिसमा संघीय संसदको दुवै सदनको चालू अधिवेशन सम्वत् २०७८ साल कार्तिक १२ गते शुक्रबार राती १२:०० बजेदेखि अन्त्य भएकोले मिति २०७८ साल कार्तिक ११ गतेको प्रतिनिधि सभाको बैठकबाट कार्तिक २९ गते सोमबारका लागि तोकिएको प्रतिनिधि सभाको बैठक र मिति २०७८ साल असोज २५ गते सोमबार बसेको राष्ट्रिय सभाको बैठकबाट अर्को सूचनाद्वारा तोकिने मिति र समयमा बस्ने गरी स्थगित गरिएको राष्ट्रिय सभाको बैठक समेत अन्त्य हुने भएकोले क्रमशः प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ३ को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांश र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ३ को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम दुवै सभाका मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

डा. भरतराज गौतम

संघीय संसदको महासचिव

F:\Session_Pratinidhi Sabha 2074\Session 9, 2078\Suchana.doc